# सात मन्त्रालयमा सीमित गर्न विपक्षीको सुझाव

**मकवानपुरगढी समाचारदाता**
*मकवानपुरगढी, वैशाख १४ गते*

नेपाल कम्युनिस्ट पार्टी (नेकपा) बागमती प्रदेश सभा संसदीय दलले प्रदेशमा रहेको १४ मन्त्रालय सङ्ख्या घटाएर सात वटामै सीमित गर्न प्रस्ताव गरेको छ।

बागमती प्रदेश सरकारको प्रशासनिक संरचना पुनर्संरचना प्रक्रियामाथि प्रश्न उठाउँदै प्रमुख प्रतिपक्षी दलले मन्त्रालयको सङ्ख्या सात वटामै सीमित गर्न सुझाव दिएको हो।

नेकपा बागमती संसदीय दलका नेता शालिकराम जमकट्टेलले मुख्यमन्त्री इन्द्रबहादुर बानियाँलाई सोमबार सुझावपत्र बुझाउनुहुँदै प्रशासनिक सुधारलाई प्रभावकारी, मितव्ययी र परिणाममुखी बनाउन आग्रह गर्नुभएको हो।

प्रदेश सरकारको आकार ठुलो हुँदा आर्थिक व्ययभार बढ्ने र कार्यसम्पादनमा समेत जटिलता आउने भन्दै मन्त्रालयको सङ्ख्या सीमित गर्नुपर्ने बताइएको छ। प्रदेश स्थापना कालमै प्रस्ताव गरिएको सात मन्त्रालयको संरचना वैज्ञानिक, सन्तुलित र व्यावहारिक रहेको उल्लेख गर्दै सोही मोडेललाई निरन्तरता दिनुपर्ने माग गरिएको हो।

नेकपाले प्रस्ताव गरेको सात मन्त्रालयमा मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, सामाजिक विकास मन्त्रालय, कृषि तथा पशुपन्छी विकास तथा सहकारी मन्त्रालय तथा उद्योग, संस्कृति, पर्यटन, वन तथा वातावरण मन्त्रालय रहेका छन्।

मन्त्रालयको सङ्ख्या घटाउन विपक्षीले सुझाव दिँदै। *तस्बिर : स्मिता अर्जेल*

प्रदेश सरकारले सुशासन, सामाजिक न्याय र समृद्ध प्रदेश निर्माण गर्ने उद्देश्यसहित उच्चस्तरीय प्रशासनिक पुनर्संरचना निर्देशक समिति तथा प्रदेश प्रशासनिक संरचना पुनरवलोकन अध्ययन तथा सुझाव समिति गठन गरेको प्रति पनि नेकपाले आपत्ति जनाएको छ। एउटै उद्देश्यका लागि दुई छुट्टाछुट्टै समिति गठन गर्नु आवश्यक नभएको भन्दै यसमा पुनर्विचार गर्नसमेत आग्रह गरेको छ।

प्रशासनिक संरचना जस्तो संवेदनशील विषयमा सम्बन्धित मन्त्रीको नेतृत्वमा विज्ञ समावेश गरी एकीकृत समिति गठन गर्नु बढी उपयुक्त हुने उल्लेख गरिएको छ। यसले निर्णय प्रक्रियालाई सरल, समन्वयकारी र प्रभावकारी बनाउने विश्वास गरिएको पत्रमा उल्लेख छ।

सरकारको प्रमुख प्रतिपक्षी दलले प्रस्तुत गरेको सुझावलाई गम्भीरतापूर्वक अध्ययन गरी आवश्यक निर्णय लिन प्रदेश सरकारसँग आग्रह गरिएको नेकपा बागमती संसदीय दलका नेता शालिकराम जमकट्टेलले बताउनुभयो। प्रशासनिक पुनर्संरचना जस्तो दीर्घकालीन प्रभाव पार्ने विषयमा व्यापक छलफल, विज्ञ परामर्श र राजनीतिक सहमति आवश्यक रहेको उहाँको भनाइ छ।

सुझावपत्र बुझ्नुहुँदै मुख्यमन्त्री बानियाँले प्रमुख प्रतिपक्षी दलले दिएको सुझावलाई मानेर अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। बागमती प्रदेश सरकारले मन्त्रालय घटाउनका लागि हाल अध्ययन गरिरहेको छ। मन्त्रालयसँगै प्रदेशका पाँच वटा निर्देशनालय र केही कार्यालय समायोजन गर्ने तयारी प्रदेश सरकारको छ।

## घरमै राहदानी पुऱ्याइने

**बनेपा समाचारदाता**
*बनेपा, वैशाख १४ गते*

जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकले नागरिकका लागि घरघैरे राहदानी (पासपोर्ट) उपलब्ध गराउने अभियान थालनी गरेको छ। कार्यालयले जिल्ला हुलाक कार्यालयसँग सम्झौता गरी यो सेवा सुरु गरेको हो। प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीका अनुसार हुलाकमार्फत घरमै राहदानी लिन चाहने नागरिकका लागि आवश्यक व्यवस्था मिलाइएको छ। "राहदानीको फाराम भर्ने समयमै घरमै लिन चाहने विकल्प रोजेका सेवाग्राहीलाई हामी हुलाकमार्फत राहदानी पुऱ्याइदिन्छौं," प्रजिअ अधिकारीले भन्नुभयो।

पछिल्लो चार/पाँच दिनदेखि यसलाई परीक्षणका रूपमा अघि बढाइएको भए पनि हालसम्म कसैले फाराम नभरेको प्रशासनले जनाएको छ। यो व्यवस्थाले राहदानी लिनका लागि फेरि सदरमुकामसम्म आउनुपर्ने झन्झट हट्नुका साथै सेवाग्राहीको समय र पैसा दुवै बचत हुने छ। तत्कालका लागि घरमै राहदानी पुऱ्याउँदा कुनै अतिरिक्त शुल्क नलिइनेसमेत प्रशासनले स्पष्ट पारेको छ। प्रशासन कार्यालयले हाल वितरण हुन बाँकी रहेका मेसिन रिडेबल पासपोर्ट (एमआरपी) को यकिन तथ्याङ्क सङ्कलन गरिरहेको छ। सहायक प्रमुख जिल्ला अधिकारी भोलाप्रसाद गुरागाईंले विवरण सङ्कलनपछि स्थानीय तहसँगको समन्वयमा वितरण कार्यलाई सहज बनाइने बताउनुभयो। हाल कार्यालयमा करिब सात सय थान राहदानी वितरण हुन बाँकी छन्। जिल्ला हुलाक कार्यालयका प्रमुख दीपककुमार नेपालीले हुलाकमा राहदानी प्राप्त भएको एक हप्ताभित्रै सम्बन्धित सेवाग्राहीको हातमा पुऱ्याइ सक्ने गरी कर्मचारी परिचालन गरिएको जानकारी दिनुभयो।

### नयाँभन्दा प्रतिलिपि लिने धेरै

चालु आर्थिक वर्षको नौ महिना (साउनदेखि चैत मसान्तसम्म) को तथ्याङ्क अनुसार काभ्रेपलाञ्चोकमा नयाँ नागरिकता लिनेभन्दा प्रतिलिपि लिनेको सङ्ख्या बढी देखिएको छ। सहायक प्रजिअ गुरागाईंका अनुसार यस अवधिमा आठ हजार ४५ थान प्रतिलिपि नागरिकता जारी गरिएको छ भने वंशजका आधारमा नयाँ नागरिकता लिनेको सङ्ख्या पाँच हजार ६७० मात्र छ। यस्तै यस अवधिमा ३५ थान नागरिकता परित्याग, छ थान रद्द, २८ थान गैरआवासीय नागरिकता, पाँच थान अङ्गीकृत र आमाको नामबाट १९ थान नागरिकता जारी गरिएको छ। कार्यालयले सेवा प्रवाहमा सुधार ल्याउन नागरिक बडापत्रलाई डिजिटल (क्युआर कोड) मार्फत पढ्न सकिने व्यवस्था, क्युआर कोडबाटै गुनासो सुनुवाइ र पुराना अभिलेखको डिजिटाइजेसन कार्यलाई तीव्रता दिएको छ।

# मूल्यवृद्धिले निर्माण क्षेत्रमा सङ्कट

**मकवानपुरगढी समाचारदाता**
*मकवानपुरगढी, वैशाख १४ गते*

इन्धन तथा निर्माण सामग्रीमा भएको अस्वाभाविक मूल्यवृद्धिका कारण निर्माण क्षेत्र गम्भीर सङ्कटमा परेको भन्दै बागमती प्रदेश निर्माण व्यवसायी महासङ्घले प्रदेश सरकारको ध्यानाकर्षण गराएको छ।

महासङ्घको टोलीले सोमबार हेटौँडास्थित मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय पुगेर मुख्यमन्त्री इन्द्रबहादुर बानियाँलाई ध्यानाकर्षण गराउँदै समस्या समाधानका लागि तत्काल पहल गर्न माग गरेको हो। महासङ्घले बुझाएको ध्यानाकर्षणपत्रमा मध्यपूर्वमा जारी द्वन्द्वका कारण डिजेल, पेट्रोल, पेटिलेललगायत इन्धनको मूल्य निरन्तर बढिरहेको र त्यसको प्रत्यक्ष असर बिटुमिन, सिमेन्ट, डन्डीलगायत निर्माण सामग्रीको मूल्य र उपलब्धतामा परेको उल्लेख छ। हाल बजारमा निर्माण सामग्रीको अभावसमेत देखिन थालेको महासङ्घको दाबी छ। महासङ्घले वर्तमान अवस्थालाई 'सुनामी' जस्तै प्रभावकारी सङ्कटको संज्ञा दिँदै यसको असर पूर्वाधार क्षेत्रमा मात्र सीमित नरही समग्र अर्थतन्त्रमै पर्न थालेको जनाएको छ। निर्माण कार्य सुस्त हुँदा लाखौँ श्रमिक तथा यससँग सम्बन्धित उद्योग व्यवसाय आर्थिक रूपमा धराशायी हुने अवस्थामा पुगेको ज्ञापनपत्रमा उल्लेख छ।

सरकारलाई पटक पटक ध्यानाकर्षण गराउँदा पनि ठोस सुनुवाइ नभएको गुनासो गर्दै व्यवसायीले तत्काल राहत र व्यावहारिक 'मूल्य समायोजन प्रणाली' लागु गर्न माग गरेका छन्। महासङ्घका अनुसार हालको परिस्थितिले साना ठुला अधिकांश आयोजनाको काम ठप्प हुने अवस्था सिर्जना भएको छ। तोकिएको समयमा काम सम्पन्न हुन नसक्ने देखिएकाले बैङ्क ग्यारेन्टी, बिमा तथा क्षतिपूर्तिसहित म्याद थपका लागि आवश्यक पहल गरिदिन सरकारसँग अनुरोध गरिएको छ। ज्ञापनपत्र बुझ्दै मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले स्थानीय र सङ्घीय सरकारसँग समन्वय गरी निजी क्षेत्रको पर्का सम्बोधन गर्न आवश्यक प्रक्रिया अघि बढाउने प्रतिबद्धता जनाउनुभयो। सो क्रममा मुख्यमन्त्री बानियाँले व्यवसायीलाई पनि जिम्मेवार बन्न आग्रह गर्नुभयो।

यसैबिच मकवानपुर समाचारदाताका अनुसार बागमती प्रदेश निर्माण व्यवसायी महासङ्घले हेटौँडामा आयोजित पत्रकार सम्मेलनमा निर्माण सामग्रीमा भएको मूल्यवृद्धिको समस्याबाट पीडित निर्माण व्यवसायीलाई तत्काल राहत दिन र निर्माण उद्योगलाई धराशायी हुनबाट बचाउन सरकारसँग माग गरेको छ। महासङ्घका बागमती प्रदेश अध्यक्ष छत्रबहादुर तामाङले इन्धनजन्य सामग्रीमा भइरहेको अत्यधिक एवं अप्रत्याशित मूल्यवृद्धिलाई पूर्वाधार क्षेत्रमा आएको 'सुनामी' को संज्ञा दिँदै निर्माण सामग्रीको अभावका कारण निर्माण उद्योग ठप्प हुने स्थिति रहेकाले 'म्याद थप' अपरिहार्य भएको बताउनुभयो।


**अर्जुनधारा नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा कोशी प्रदेश, नेपाल

**आन्तरिक आयको बोलपत्र आह्वानको सूचना**

(पहिलो पटक प्रकाशित मितिः २०८३/०१/१५)

आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) कार्यविधि, २०७५ अनुसार यस अर्जुनधारा नगरपालिकाले लगाउन सक्ने देहायको कर/शुल्क सम्बन्धी आन्तरिक आय ठेक्का आगामी आ.व. २०८३/०८४ को लागि बन्दोबस्ती गर्नु पर्ने भएकोले इच्छुक फर्म, कम्पनी वा संस्था लगायत सम्बन्धित सबैमा निम्न शर्तहरूको अधीनमा रही विद्युतीय माध्यमबाट रितपूर्वक बोलपत्र आह्वानको लागि यो १५ दिने सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | ठेक्का नं. | ठेक्काको शिर्षक | आ.व.२०८३/०८४को लागि न्यूनतम अंक (भ्याट बाहेक) | बोलपत्र दस्तुर |
|---|---|---|---|---|
| १ | AM/IR/ 04/082/083 | आइतबारे बजार पशु चौपाया बिक्रि र साप्ताहिक हाटबजार कर भिटौरी सहित अर्जुनधारा वडा नं. ३ खुदुनाबारी | रु.१,२४,३८,५४४ (अक्षरेपी एक करोड चौविस लाख अड्तिस हजार पाँच सय चौवालिस मात्र) | रु. ४,००० |
| २ | AM/IR/ 05/082/083 | बजार ठेक्का कर (खसी बाख्राहाट, शनिश्चरे साप्ताहिक हाट बजार, केरा बजार, गोस हाट शनिश्चरे) अर्जुनधारा नगरपालिका वडा नं. ८ | रु.१३,२०,००० (अक्षरेपी तेह्र लाख बीस हजार मात्र) | रु. ३,००० |
| ३ | AM/IR/ 06/082/083 | विज्ञापन कर | रु.३,५२,००० (अक्षरेपी तीन लाख बाउन्न हजार मात्र) | रु. १,००० |

सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np/egp बाट बोलपत्र सम्बन्धी कागजातहरू डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ। साथै यस ठेक्का सम्बन्धी विस्तृत जानकारीका लागि कार्यालय समय भित्र यस कार्यालयको राजश्व शाखा (९८४१९७२२४६) मा सम्पर्क राख्न सकिनेछ।

**Mayadevi Rural Municipality**
Office of Rural Municipal Executive
Barewa, Rupandehi

**Invitation for Online Bids**

Date of publication: 2026-04-28

1. Mayadevi Rural Municipality, Barewa Rupandehi invites online bids Under E-Procurement system to the bidders for the goods of following items Under NCB Bidding procedure:

| S. N | Contract Identification Number | Description of Works | Bid Security amount Nrs | Estimated amount without vat | Bid Security validity period | Bid document fee Nrs |
|---|---|---|---|---|---|---|
| 1 | 15/MRMUN/ NCB/Goods/ 2082/083 | Danav Tatha Tinau Nadi ma Thokar tahtha Tatnabda Nirman | 125000 | 4999846.56 | 90 | 3000 |

2. Date of purchasing submission and opening of bids:

| Last date of submission of bid | Date of opening of bid | Employers bank account for purchasing of bid document |
|---|---|---|
| 2026-04-28 at 12:00 | 2026-04-28 at 13:00 | Prime Bank Limited. Bethari Rupandehi Account Name: Internal Revenue Account (A/C No: 06401000000015700119 |

3. Eligible builders may obtain further information and inspect the bidding document at the office of Mayadevi rural municipality at www.mayadevimun.gov.np or may visit PPMO website www.bolpatra.gov.np/egp.

**कृषि तथा वन विज्ञान विश्वविद्यालय**
पशु विज्ञान पशु चिकित्सा र मत्स्य विज्ञान संकाय
रामपुर, चितवन

**बोलपत्र आह्वानसम्बन्धी सूचना**

सूचना प्रकाशित मितिः २०८३/०१/१५

यस पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय, रामपुर, चितवनको Procurement of Supply, Delivery and Installation of CCTV Cameras and IP Phones. Contract Identification No: FAVF/NCB/GOODS/06/2082/083 कार्यको E-Bidding प्रक्रियाद्वारा बोलपत्रको सूचना आह्वान गरिएको हुँदा इच्छुक बोलपत्रदाताहरूले मिति २०८३/०१/१५ देखि online Bidding form भर्न सकिने व्यहोरा अवगत गराउँदै विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको website www.bolpatra.gov.np./egp हेर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

डिन

**जिरी नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
जिरी, दोलखा, बागमती, प्रदेश

**दरभाउपत्र आह्वानको सूचना**

दोस्रो पटक सूचना प्रकाशित मितिः- २०८३/१/१५

यस कार्यालय अन्तर्गत तपसिलमा उल्लेखित मालसामान र कृषि सामाग्रीको सिलबन्दी दरभाउपत्र आह्वान गर्नु पर्ने भएकोले सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp बाट Online Bidding गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| S.N | Contract No. | Description of work | Bid Security | Cost of Bidding Document |
|---|---|---|---|---|
| 1. | JIRIMUN/ GOODS/2082/ 083/RSQ-30 | Supply and Deliver Diesel and Petrol Mini Tiller -7 H.P. at Jiri Munipality | 35000.00 | 1000.00 |
| 2 | JIRIMUN/ GOODS/2082/ 083/RSQ-31 | Purches of Double Layer Fleece Blanket | 45000.00 | 1000.00 |

Government of Nepal
**Ministry of Water Supply**
Department of Water Supply and Sewerage Management
**Water Supply and Sewerage Management Office**
Butwal, Rupandehi

**Notice of Cancellation of Bids**

**Date of Publication: 28th April 2026 (15th Baisakh 2083)**

This is to notify the concerned bidders that all submitted bids against following Contract Identification nos. are cancelled as per section 26 of Public Procurement Act, 2063.

| S.No. | Contract Identification No. | Detail of Works | Remarks |
|---|---|---|---|
| 1. | WSSMO-Butwal/NCB/W/Rehab/02/082-83/NBSP | Construction works of Bihari Hardiya Water Supply Project, Sunwal-5, Nawalparasi West | |

**Office Chief**

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमिसुधार तथा मालपोत कार्यालय**
नेपालगञ्ज, बाँके

**रोक्का अद्यावधिक गर्ने सम्बन्धी ३५ दिने सूचना**

(अन्तिम पटक प्रकाशित मिति २०८३।०१।१५)

मिति २०८२/०५/२३ र २४ गतेको आन्दोलनबाट यस कार्यालयमा आगजनी, लुटपाट र तोडफोड भई यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत पर्ने साविकका नेपालगञ्ज नगरपालिका, खासकारकाँढो, मनिकापुर, बसुदेवपुर, परसपुर, पुरैना, पुरैनी, उदयपुर, जयसपुर, भवनियापुर, पिप्रहवा, साविक इन्द्रपुर हाल नगर, इन्द्रपुर, खजुराखुर्द, गनापुर, साईगाउँ, बागेश्वरी, सितापुर, रनियापुर, उढरापुर, सोनपुर, राधापुर, गाउफर्क, कम्दी, बनकट्टी, बेतहनी, होलिया, हिरमिनिया, बैजापुर, बिनौना, फत्तेपुर, गंगापुर, मटेहिया, नरैनापुर, कालाफाँटा, लक्ष्मणपुरका जग्गाहरूको रोक्का दर्ता किताब (रोक्का रजिष्टर) नष्ट भएको तथा DMS (डिजिटल अभिलेख प्रणाली)मा समेत रोक्का अभिलेख नरहेको र सेवाग्राहीको निवेदन पेश हुन आए बमोजिम रजिष्ट्रेशन, लिखत पारित, नामासारी, दाखिल खारेज लगायतका काम कारवाहीको गर्ने सिलसिलमा रोक्का एकिन गर्न नसकिएको हुँदा रोक्का अद्यावधिकका लागि भूमी प्रशासन निर्देशिका, २०८१ को अधिनमा रहि यस कार्यालयबाट विभिन्न मितिमा रोक्का अद्यावधिक गर्न आउने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित हुँदै आएको, साथै रोक्का अद्यावधिक गर्ने सम्बन्धमा मिति २०८२/०६/०६ गते श्री भूमि व्यवस्थापन तथा अभिलेख विभागबाट समेत सार्वजनिक सूचना प्रकाशित भईसकेकोमा उप्रान्त उल्लेखित नपा/गाविसहरूका जग्गाहरूको रोक्का अद्यावधिक गर्ने सम्बन्धमा श्री भूमि व्यवस्थापन तथा अभिलेख विभागको मिति २०८३/०१/०४ गते प्राप्त निर्देशन तथा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको मिति २०८२।०६।२४ को नीतिगत परिपत्र बमोजिम यस कार्यालयबाट पुनः यो अन्तिम पटक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस कार्यालयको कार्यक्षेत्र रहेको साविकका नगर र गाविसका जग्गाको हकमा रोक्का राख्ने निकाय, व्यक्ति वा रोक्का रहेको जग्गाको जग्गाधनिहरूले रोक्का सम्बन्धि कागजात सहित उपस्थित नभएमा वा जानकारी लेखि नपठाएमा सो जग्गाहरू रोक्का नरहेको मानी निवेदकको माग बमोजिमको काम कारवाहि भई जाने व्यहोरा सूचित गरिन्छ। साथै यो सूचनाको हद म्यादभित्र रोक्का अद्यावधिकको लागि लेखि नआएमा रोक्का सम्बन्धमा रोक्का राख्ने व्यक्ति, निकाय, रोक्का रहने जग्गाको जग्गाधनी स्वयं जिम्मेवार हुने र यस कार्यालय जवाफदेही हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

**खाँडाचक्र नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
मान्म, कालिकोट, कर्णाली प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशय पत्रको सूचना**

प्रकाशित मिति :- २०८३/०१/१५

यस आ.व २०८२/०८३ मा संघ सरकारबाट प्राप्त बजेटअनुसार राष्ट्रिय शैक्षिक सुधार कार्यक्रम अर्न्तगत यस खाँडाचक्र नगरपालिका वडा नं. ५ स्थित श्री चुलिमालिका मा.वि. ८ कोठे भवन निर्माण कार्यका लागि बोलपत्र आह्वानसम्बन्धि सूचना मिति २०८२/१२/०४ गतेमा युगआह्वान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार तल उल्लेखित ठेक्काका लागि रितिपूर्वक दर्ता हुन आएका बोलपत्रहरू मूल्याङ्कन समितिले मूल्याङ्कन गर्दा निम्न बोलपत्र न्यूनतम मूल्याङ्कित र सारभुतरूपमा प्रभावग्राही भई स्वीकृतको लागि पेश भएकोले सार्वजनिक खरिद ऐन २०६३ को (पहिलो संशोधन २०७३) दफा २७ उपदफा २ को प्रयोजनको लागि यो ७ (सात) दिने बोलपत्र स्वीकृत गर्ने आसय पत्रको सूचना प्रकाशित गरिएको छ।

| खरिद नं. | योजनाको नाम | स्विकृत हुने फर्महरूको नाम | कबोल अंक (मु.अ.कर र PS बाहेक) |
|---|---|---|---|
| KM/SBCOCSS/ NCB/W/03/ 2082/083 | 8 Room School Building Construction of Chulimalika Secondary School Khandachakra-5, Kalikot | Sunrise Construction Syuna-4, Kalikot | 7,514,731.26 |

प्रमुख प्रशासकीय अधिकृत

**Rapti Municipality**
Office of Municipal Executive,
Bagamati Province, Nepal
Bhandara, Chitwan

**Invitation for Bids**

*Date of Publication: 2083/01/15*

**Rapti Municipality, Office of Municipal Executive, Bhandara Chitwan** invites online bids only under E-procurement system from eligible bidders for the following works given below. All other information regarding Bid Document can be downloaded from PPMO's website www.bolpatra.gov.np/eg. All eligible bidders are requested to submit E-bid only as per instructions within the mentioned period.

| SN | Name of Project | Project ID | Bid Document Price (NRs.) | Bid Security Amount (NRs.) | Last Date of Bid Submission |
|---|---|---|---|---|---|
| 1 | Construction of School Building at Rapti 1 | 007/Works/NCB/ RM/082/083 | 3000 /- | 90,0000 /- | 28th May 2026, 12:00 Hrs. |
| 2 | Lalpur Chowk to Ward Office Rigid Pavement Rapti 9 | 008/Works/NCB/ RM/082/083 | 3000 /- | 65,000 /- | 28th May 2026, 12:00 Hrs. |
| 3 | Construction of Health Post Building Rapti 4 | 002/Works/SQ/ RM/082/083 | 1000 /- | 50,000 /- | 13th May 2026, 12:00 Hrs. |
| 4 | Construction of Adhuro Ward Building Rapti 1 | 003/Works/SQ/ RM/082/083 | 1000 /- | 30,000 /- | 13th May 2026, 12:00 Hrs. |
| 5 | Construction of Compound Wall for Health Post Building Rapti 4 | 004/Works/SQ/ RM/082/083 | 1000 /- | 25,000 /- | 13th Mayl 2026, 12:00 Hrs. |

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मितिः २०८३/०१/१५

यस कार्यालयबाट प्रकाशित ठेक्का सम्बन्धि सूचना बमोजिम रितिपूर्वक दर्ता भएका बोलपत्रउपर मूल्याङ्कन समितिबाट मूल्याङ्कन भई कारबाही हुँदा देहायबमोजिमको बोलपत्रदाताहरूले पेश गरेको बोलपत्रको कबोल अङ्क न्युनतम मूल्याङ्कित सारभुतरुपमा प्रभावग्राही देखिएकोले बोलपत्र स्वीकृत गर्ने ७ दिनको आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) को प्रयोजनार्थ सरोकारहरूको जानकारीका लागि प्रकाशित गरिएको छ।

| ठेक्का नं | निर्माण कार्यको विवरण | निर्माण व्यवसायीको नाम र ठेगाना | कबोल रकम भ्याट र PS सहित |
|---|---|---|---|
| 001/Works/NCB/ RM/082/083(RE) | Construction of Compound Wall of Rapti Ward 6 | M/S Aadi Shakti NIrman Sewa Pvt Ltd, Kathmandu | 26,31,513.77 |
| 002/Works/NCB/ RM/082/083(RE) | Rapti Municipality Ward-3 Various Road Rigid Pavement Work | M/S Aadi Shakti NIrman Sewa Pvt Ltd , Kathmandu | 27,99,283.38 |
| 006/Works/NCB/ RM/082/083(RE) | Maintenance Works in Rapti Municipality ward no 1, 2, 4, 6, 8, 9 Office Building | M/S Aadi Shakti NIrman Sewa Pvt Ltd, Kathmandu | 51,89,128.11 |

**Chief Administrative Officer**